**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40 hrs Date: 31.08.2025**

1.PM - Mann Ki Baat – NSD

प्रधानमन्त्री नरेन्द्र मोदीले भोकल फर लोकल अर्थात् स्थानीय उत्पाद, आत्मनिर्भर भारत र विकसित भारतलाई प्रवर्द्धन गर्ने मन्त्रका साथ देश अगाडि बढ्नुपर्ने बताउनुभएको छ। आज आकाशवाणीमा मन की बात कार्यक्रममा आफ्ना विचारहरू साझा गर्दै प्रधानमन्त्रीले चाडपर्वहरूको समयमा स्वच्छतामा जोड दिनुपर्ने औल्याउनुभयो। उहाँले एक भारत-श्रेष्ठ भारतको भावना देश विकासको लागि धेरै महत्त्वपूर्ण छ भन्नुभयो। प्रधानमन्त्रीले मनसुन याममा प्राकृतिक प्रकोपहरूले देशलाई चुनौती दिने गरेको प्रसंग उल्लेख गर्दै यस कठिन समयमा मानवतालाई सबै भन्दा माथि राख्ने प्रत्येक नागरिकलाई धन्यवाद दिनुभयो। सम्बोधनका क्रममा प्रधानमन्त्रीले सौर्य ऊर्जाले किसानहरूको जीवनमा ठूलो परिवर्तन ल्याइरहेको बताउनुभयो। उहाँले भारतीय संस्कृतिको प्रभाव विश्वका साना शहरहरूमा पनि देख्न सकिने चर्चा गर्नुभयो। प्रधानमन्त्री मोदीले १७ सेप्टेम्बर विश्वकर्मा जयन्तीको चर्चा गर्दै सरकारले शिल्पकार र विभिन्न कारीगरहरूलाई मद्दत गर्न हेतु विश्व कर्म योजना सुरु गरेको बताउनुभयो।

2. CM - UDAAN - IPR

मुख्यमन्त्री प्रेम सिंह तामाङले आज एसएमआईटी माझीटारमा आयोजित अन्तर विद्यालय शैक्षिक महोत्सव उडानमा भाग लिनुभयो। उडान एक अन्तर विद्यालय शैक्षिक महोत्सव हो। यसको प्रमुख संरक्षक मुख्यमन्त्री प्रेम सिंह तामाङ हुनुहुन्छ। वार्षिक रुपमा सञ्चालन हुने यस कार्यक्रम गान्तोकको रोटरी क्लब र इनर ह्वील क्लबद्वारा आयोजना गरिएको हो। यसको उद्देश्य राज्यभरका ग्रामीण र शहरी क्षेत्रमा रहेका सरकारी र निजी विद्यालयहरूलाई शैक्षिक र रचनात्मक गतिविधिहरूमा संलग्न हुन मञ्च प्रदान गर्नु हो। समारोहमा शिक्षा तथा खेलकुद मन्त्री राजु बस्नेत; विधायक संजीत खरेल; मुख्यमन्त्रीका राजनीतिक सचिव ज्याकब खालिङ; मुख्यमन्त्रीका अतिरिक्त राजनीतिक सचिव छिरिङ वाङचुक लेप्च ा लगायत अन्य गण्यमान्यहरूको उपस्थिति रहेको थियो। भेलालाई सम्बोधन गर्दै मुख्यमन्त्रीले युवा पुस्ताको भविष्य निर्माणमा शिक्षा, रचनात्मकता र दृढताको महत्त्वमाथि प्रकाश पार्नुभयो। मुख्यमन्त्रीले राज्य सरकारले युवा पुस्तालाई लक्षित गर्दै शिक्षालाई सशक्त बनाउन सुरु गरिएका विभिन्न पहलहरूमा जोड दिनुभयो। उडानकी अध्यक्ष नीति नेपालले ग्रामीण र शहरी क्षेत्रका सरकारी र निजी विद्यालयहरूका विद्यार्थीहरूलाई आफ्नो प्रतिभा र सीप प्रदर्शन गर्न उडानले मञ्चको रूपमा काम गर्ने कुरामा थप प्रकाश पार्नुभयो।

3. Sports Day - IPR

खेल तथा युवा मामिला विभागद्वारा आयोजित तीन दिवसीय राष्ट्रीय खेलकुद दिवस २०२५ आज जीवन्त कार्यक्रमबीच गान्तोकमा सम्पन्न भयो। आजको समापन कार्यक्रममा भारत सरकारको युवा मामिला तथा खेलकुद विभागको "आइतबारको दिन साइकल चलाऔं" पहल निकै रोचक रहेको थियो। कार्यक्रममा मुख्य अतिथि राज्य खेलकुद विकास बोर्डका अध्यक्ष रिन्जिङ छोपेलले आफ्नो सम्बोधनमा खेलकुदको वास्तविक सार पदक र प्रशंसा हासिल गर्नुमा होइन तर चरित्र, अनुशासन र एकतालाई आकार दिने यसको स्थायी क्षमतामा निहित छ भन्नुभयो। यसअघि, आफ्नो स्वागत भाषणमा, खेलकुद तथा युवा मामिला विभागकी सचिव, याङ्चेन डी तामाङले उपस्थित सबैलाई स्वस्थ रहनका लागि साइकल चलाउनु सबैभन्दा सरल तर प्रभावकारी माध्यम मध्ये एकको रूपमा वर्णन गर्नुभयो। बिहानको मुख्य आकर्षण साइकल र्‍यालीको झण्डा प्रदर्शन थियो, जहाँ सहभागीहरूले गान्तोकका रमणीय सडकहरूमा साइकल चलाएर सामुदायिक भावना दर्शाए। कार्यक्रममा सिक्किम साइकल संघका अध्यक्ष तासी वाङ्ग्यालले विशेष अतिथिका रूपमा सहभागिता जनाउनुभयो। साथै कार्यक्रममा सम्बन्धित विभागका वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको थियो।

4. Stress Management – KSU - Desk

कञ्चनजङ्गा राज्य विश्वविद्यालयले आज तनाव व्यवस्थापनसम्बन्धी  एक विशेष वार्ता श्रृंखला आयोजना गर्‍यो। कार्यक्रममा उपकुलपति प्राध्यापक डाक्टर आशिष शर्माले सकारात्मक तनाव, नकारात्मक तनाव र त्यसलाई सही ढंगमा व्यवस्थापन गर्ने रणनीतिहरूबारे वर्णन गर्नुभयो। मानसिक सुस्वास्थ्यमा केन्द्रित अन्तरक्रिया कार्यक्रममा विद्यार्थी र संकायका सदस्यहरूले सक्रिय सहभागिता जनाएका थिए।

5. Women's Football – Desk

पश्चिम बंगालको नादियामा हुने राजमाता जिजाबाई ट्रफी २०२५ को लागि सिनियर राष्ट्रिय महिला फुटबल च्याम्पियनसिपले अन्तिम छनोटमा परेका खेलाडीहरूको नाम घोषणा गरेको छ। प्राप्त जानकारी अनुसार सिक्किम टोली आउँदो ३ सेप्टेम्बरका दिन गान्तोकबाट प्रस्थान गर्नेछ।

आकाशवाणी गान्तोकबाट समाचार पूरा भयो।